जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २३८ | २०८२ साल चैत ३० गते सोमवार | Monday-13-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## परिवर्तनको नाममा खेलवाड : रास्वपा पनि स्वार्थको रोटी सेक्नमै व्यस्त

***शु.आ. सम्बाददाता***
***बारा, २८ चैत***

प्रतिनिधि सभा निर्वाचनको समयमा "परिवर्तन" को नारा उचाल्दै जनताको ठूलो अपेक्षा बोकेर उदाएका नयाँ अनुहार र शक्तिहरू अहिले आफ्नै एजेन्डाबाट पछि हट्दै गएको देखिनुले राजनीतिक वृत्तमा गम्भीर प्रश्नहरू उठाएको छ । जनताले पुराना दलहरूप्रति निराशा व्यक्त गर्दै नयाँ विकल्पको खोजी गरेका बेला उदाएका नेताहरूको व्यवहार नै आज आलोचनाको केन्द्र बनेको छ।

विशेषगरी बालेन्द्र शाह (बालेन) को पछिल्लो अभिव्यक्ति र गतिविधिले परिवर्तनको नारामाथि नै प्रश्नचिह्न खडा गरेको छ। निर्वाचनको समयमा स्थानीय तहलाई गैरदलीय बनाउने स्पष्ट अडान लिएका उनले अहिले सोही विषयमा आफ्नै धारणा अस्वीकार्य भएको संकेत दिँदै सर्वोच्च अदालतसम्म परिपत्र गर्नु, उनको प्रतिबद्धतामा स्थायित्वको अभाव देखाउने उदाहरणका रूपमा हेरिएको छ ।

निर्वाचनअघि जनताको मन जित्नका लागि एउटा धारणा प्रस्तुत गर्ने र सत्तामा पुगेपछि त्यसबाट पछि हट्ने प्रवृत्ति केवल व्यक्तिगत कमजोरी नभई




समग्र राजनीतिक संस्कारको गिरावटको संकेत भएको विश्लेषकहरूको भनाइ छ । यस्तो प्रवृत्तिले जनताको विश्वासमा गहिरो चोट पुऱ्याउनुका साथै भविष्यमा कुनै पनि नयाँ शक्तिप्रति आशा राख्ने आधार कमजोर बनाउने खतरा बढाएको छ । यता, परिवर्तनको प्रमुख वाहकका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि पछिल्लो समय आलोचनाबाट मुक्त रहन सकेको छैन । जनताको मुद्दा उठाउने, भ्रष्टाचारविरुद्ध कडा रूपमा उभिने र वैकल्पिक राजनीति दिने वाचा गरेको यो पार्टी अहिले सत्ता समीकरण, भागबन्डा र आन्तरिक स्वार्थमै अल्झिएको आरोप खेपिरहेको छ ।

देशमा बढ्दो बेरोजगारी, महँगी, सुस्त विकास निर्माण तथा जनजीवनसँग जोडिएका मूलभूत समस्याहरू समाधानतर्फ ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा, सत्ताको स्वादमा रमाउने प्रवृत्तिले रास्वपाको विश्वसनीयतामा प्रश्न उठाएको छ। परिवर्तनको नाममा गरिएको यस्तो व्यवहारलाई जनताले "अर्को धोका" का रूपमा लिन थालेका छन् ।

राजनीतिक विश्लेषकहरूका अनुसार, नयाँ अनुहार आउनु मात्रै परिवर्तन होइन । वास्तविक परिवर्तनका लागि स्पष्ट दृष्टिकोण, नीतिगत स्थिरता, पारदर्शिता र जनताप्रति इमानदार प्रतिबद्धता आवश्यक हुन्छ। यदि नयाँ भनिने शक्ति पनि पुरानै प्रवृत्तिको सिकार बन्छ भने "नयाँ" भन्ने शब्द केवल नारामा सीमित हुने खतरा रहन्छ । आजको सचेत नागरिकले केवल

बाँकी तेश्रो पृष्ठमा

## पर्साको भिस्वा नाका बन्यो तस्करहरुको 'सम्राज्य', प्रहरी प्रमुख मुखदर्शक ?

***शु.आ. सम्बाददाता***
***पर्सा, २८ चैत***

भिस्वा नाका पछिल्लो समय संगठित तस्करीको 'हटस्पट' का रूपमा उदाउँदै गएको आरोपले स्थानीय प्रशासन र सुरक्षा निकायको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ । सीमावर्ती क्षेत्रको सहज आवतजावतलाई उपयोग गर्दै विभिन्न अवैध सामानहरूको ओसारपसार खुलेआम भइरहँदा पनि सम्बन्धित निकायको निष्क्रियता प्रति स्थानीयवासी आक्रोशित बनेका छन् ।

स्थानीय स्रोतका अनुसार, नाकामा दर्जनौं संगठित तस्कर समूहहरू सक्रिय छन् । उनीहरूले 'घुमुवा' परिचालन गरी नियमित रूपमा रकम असुल्ने व्यवस्थित संयन्त्र नै खडा गरेको दाबी गरिएको छ। यस्तो असुलीबाट उठ्ने रकम कहाँसम्म पुग्छ भन्ने विषयले थप शंका जन्माएको छ ।

यस सन्दर्भमा नेपाल प्रहरी को जिल्ला नेतृत्वमाथि नै प्रश्न उठ्न थालेको छ । सर्वसाधारणले पटक-पटक गुनासो गर्दा पनि कुनै ठोस कारबाही नदेखिनुले प्रहरी प्रशासन केवल 'मुखदर्शक' बनेको जस्तो अनुभूति गराएको




स्थानीयहरूको भनाइ छ ।

भिस्वा नाका आसपासका बासिन्दाहरूका अनुसार, रातको समयमा तस्करी गतिविधि झनै तीव्र हुने गरेको छ । विशेषगरी कपडा, किराना सामग्री, इलेक्ट्रोनिक्स तथा अन्य उपभोग्य वस्तुहरू अवैध रूपमा नेपाल भित्र्याइने तथा बाहिर लैजाने क्रम बढ्दो छ। यसले राज्यको राजस्वमा प्रत्यक्ष क्षति पुऱ्याउनुका साथै स्थानीय व्यवसायीहरूलाई गम्भीर आर्थिक मारमा पारेको छ ।

कानुनी प्रक्रियाबाट व्यापार गर्ने व्यवसायीहरू सस्तो अवैध सामानसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा पुगेका छन् । "हामी कर तिर्छौं, नियम पालना गर्छौं, तर तस्करीका सामान सस्तोमा बजारमा आउँदा हाम्रो व्यापार धराशायी हुन्छ," एक स्थानीय व्यापारीले गुनासो गरे ।

यता, सरोकारवाला निकायहरूले समस्या जटिल बन्दै गएको स्वीकार गर्दै पनि प्रभावकारी नियन्त्रणका लागि अपेक्षित समन्वय र सक्रियता देखिएको छैन । सुरक्षा निकाय, भन्सार कार्यालय तथा स्थानीय प्रशासनबीच आवश्यक समन्वय अभाव हुँदा तस्करी नियन्त्रणमा चुनौती थपिएको विश्लेषकहरूको भनाइ छ ।

बाँकी तेश्रो पृष्ठमा

## एमालेबाट निर्वाचित देवाहीगोनाहीका मेयर साह आजपामा प्रवेशः रौतहटको राजनीतिमा नयाँ मोड

***शु. आ. सम्बाददाता***
***रौतहट, २८ चैत***

रौतहट जिल्लाको देवाहीगोनाही नगरपालिका मा एक महत्वपूर्ण राजनीतिक घटनाक्रम देखिएको छ। नेकपा एमालेबाट निर्वाचित नगर प्रमुख प्रेमलाल साह ले पार्टी परित्याग गर्दै आम जनता पार्टी (आजपा) मा औपचारिक रूपमा प्रवेश गरेका छन् । आइतबार नगरपालिकाको केन्द्रमा आयोजित विशेष कार्यक्रमबीच उनले आफ्नो दलबलसहित नयाँ पार्टी रोजेका हुन् ।

मेयर साहसँगै एमालेबाट निर्वाचित अन्य जनप्रतिनिधिहरू पनि आजपामा समाहित भएका छन् । वडा नम्बर ४ का वडा अध्यक्ष रामप्रवेश पटेल र वडा नम्बर ९ का वडा अध्यक्ष वीरबहादुर साहसहित दर्जनौं प्रभावशाली नेता तथा कार्यकर्ताहरूको सामूहिक प्रवेशले स्थानीय राजनीतिक समीकरणमा ठूलो हलचल ल्याएको छ । नवप्रवेशी जनप्रतिनिधिहरूलाई प्रभु साह ले अबिर र माला लगाएर स्वागत गरेका थिए । कार्यक्रममा बोल्दै आजपा अध्यक्ष साहले मुलुकको विद्यमान राजनीतिक अवस्था, जनताका आधारभूत समस्या र विकासमा देखिएका अवरोध समाधान गर्न पार्टीले लिएको पहलप्रति विश्वास जनाउँदै प्रवेश गर्नेहरूको निर्णयको खुलेर प्रशंसा



गरे । उनले पछिल्लो समय पार्टीप्रति जनताको आकर्षण उल्लेखनीय रूपमा बढ्दै गएको दाबीसमेत गरे ।

अध्यक्ष साहले जिल्लाका विभिन्न गाउँ-गाउँमा पुगेर प्रत्यक्ष रूपमा जनतासँग संवाद गर्दै आएका छन् । सोही अभियान अन्तर्गत देवाहीगोनाही पुगेका उनले स्थानीयवासीका समस्या, विकासका चुनौती र समसामयिक राजनीतिक विषयमा छलफल गरेका थिए । यस अभियानले पार्टी विस्तारलाई तीव्रता दिएको आजपाको दाबी छ ।

एमालेबाट निर्वाचित प्रमुख नेतृत्व नै पार्टी परिवर्तन गर्दै आजपामा प्रवेश गरेसँगै रौतहटको राजनीतिक परिदृश्यमा नयाँ मोड आएको विश्लेषण गरिएको छ । यस घटनाले स्थानीय तहको शक्ति सन्तुलनमा समेत उल्लेखनीय फेरबदल आउने संकेत देखिएको छ ।

कार्यक्रममा बोल्दै मेयर प्रेमलाल साहले जनताको अपेक्षा अनुसार काम गर्न र विकासका एजेन्डालाई प्रभावकारी रूपमा अघि बढाउन आजपाको नेतृत्वसँग सहकार्य गर्ने निर्णय लिएको बताए । "हामी जनताको सेवा र समृद्धिको लक्ष्यका साथ यहाँ आएका छौँ," उनले भने ।

कार्यक्रममा आजपाका जिल्लास्तरीय नेता, कार्यकर्ता तथा स्थानीय बासिन्दाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । राजनीतिक रूपमा महत्त्वपूर्ण मानिएको यस प्रवेशले आगामी दिनमा रौतहटको स्थानीय राजनीति अझ प्रतिस्पर्धात्मक र गतिशील बन्ने अपेक्षा गरिएको छ ।

## गैरकानुनी रुपमा सञ्चालनमा कार्की पोलिक्लिनिक? स्थानीयको गुनासो, सञ्चालकको स्पष्टीकरण

***बारा, २८ चैत***

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२१ सागरटोलमा सञ्चालनमा रहेको कार्की पोलिक्लिनिक माथि गैरकानुनी रूपमा सेवा सञ्चालन गरिएको गम्भीर आरोप सार्वजनिक भएको छ। विगत करिब तीन वर्षदेखि आवश्यक कानुनी प्रक्रिया पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरिएको भन्दै स्थानीयवासीहरूले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

स्थानीयका अनुसार उक्त पोलिक्लिनिक सञ्चालनका लागि अनिवार्य रूपमा लिनुपर्ने अनुमति नलिइएको मात्र होइन, भवन निर्माणका लागि आवश्यक नक्शा पाससमेत नगरिएको दाबी गरिएको छ। नौ शैयासहित सञ्चालनमा रहेको उक्त क्लिनिकमा दैनिक रूपमा बिरामीको उपचार हुँदै आएको र सेवा शुल्कसम्बन्धी बिलिङ प्रणालीसमेत पारदर्शी नभएको आरोप लगाइएको छ ।

"स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा नियम मिचेर सेवा सञ्चालन हुनु गम्भीर विषय हो," एक स्थानीयले नाम नखुलाउने सर्तमा बताए। उनका अनुसार बिरामीहरूको सुरक्षा, सेवा गुणस्तर तथा आर्थिक पारदर्शितामाथि प्रश्न उठ्नु स्वाभाविक हो ।

यता, पोलिक्लिनिक सञ्चालक उद्धव कार्की ले भने आफूमाथि लगाइएका आरोपहरू अस्वीकार गरेका छन् ।



उनले प्रारम्भिक चरणमा तत्कालीन जिल्ला जनस्वास्थ्य कार्यालय बारा बाट अनुमति लिइएको दाबी गर्दै हाल उक्त अनुमति नवीकरण प्रक्रियामा रहेको जानकारी दिए ।

"हाम्रो फाइल प्रदेशस्तरीय मन्त्रालयमा अन्तिम चरणमा पुगेको छ । प्रक्रिया अनुसार नै अघि बढिरहेका छौं," उनले स्पष्ट पारे ।

भवन निर्माण सम्बन्धी विवादबारे उनले अमलेखगञ्ज क्षेत्रका धेरै संरचनाहरू ऐलानी जग्गामा बनेको उल्लेख गर्दै आफ्नो पोलिक्लिनिक पनि सोही प्रकृतिको जग्गामा रहेको बताए। साथै, सम्बन्धित निकायबाट छानबिन भएमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए । उनका अनुसार पोलिक्लिनिकमा राखिएका नौ शैयाहरू बिरामीलाई भर्ना गर्नका लागि नभई निगरानी (**Observation**) प्रयोजनका लागि मात्र प्रयोग गरिन्छ। "हामीले इनडोर सेवा सञ्चालन गरेका छैनौं," उनले दाबी गरे ।

तर, स्थानीयवासीहरूले भने व्यवहारमा बिरामीहरूलाई केही समय राखेर उपचार गर्ने कार्य भइरहेको दाबी गर्दै यसलाई नियमविपरीत ठहर गरेका छन् । उनीहरूले यस्तो गतिविधिले न केवल कानुनी प्रश्न उठाउने, बल्कि बिरामीको स्वास्थ्य सुरक्षामाथि समेत जोखिम निम्त्याउने बताएका छन् ।

स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी मापदण्डअनुसार, निजी स्वास्थ्य संस्थाले स्पष्ट अनुमति, पूर्वाधार मापदण्ड, दक्ष जनशक्ति र पारदर्शी सेवा प्रणाली अनिवार्य रूपमा पालना गर्नुपर्ने हुन्छ। यस्ता मापदण्ड उल्लङ्घन भएमा कारबाहीको व्यवस्था रहेको छ । यद्यपि, हालसम्म यस विषयमा सम्बन्धित नियामक निकायबाट कुनै आधिकारिक प्रतिक्रिया आएको छैन ।

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# स्वार्थ र चाप्लुसीको भरमा सञ्चालित

समाजका विभिन्न संरचनाहरु आज स्वार्थ र चाप्लुसीको प्रभावबाट अछुतो रहन सकेका छैनन् । सार्वजनिक सेवा, विकास निर्माणदेखि लिएर संस्थागत निर्णय प्रक्रियासम्म धेरै ठाउँमा योग्यता, पारदर्शिता र जवाफदेहिताभन्दा व्यक्तिगत स्वार्थ र नजिकका सम्बन्धहरु निर्णायक बन्दै गएको देखिन्छ ।

जब निर्णयहरु सार्वजनिक हितभन्दा पनि सीमित समूहको लाभका लागि निर्देशित हुन थाल्छन्, त्यहीँबाट प्रणाली कमजोर बन्न थाल्छ । यस्तो प्रवृत्तिले न केवल संस्थागत विश्वसनीयता घटाउँछ, बरू दीर्घकालीन विकास र सुशासनको आधारलाई समेत हल्लाइदिन्छ । चाप्लुसी र आन्तरिक दबावको आधारमा अघि बढाइने निर्णयहरुले सक्षम जनशक्तिलाई पाखा लगाउने मात्र होइन, कामको गुणस्तरमा समेत प्रत्यक्ष असर पार्छ ।

लोकतान्त्रिक प्रणालीमा आलोचना, सुझाव र पारदर्शिता अपरिहार्य तत्व हुन् । तर जब आलोचनालाई दबाउने र चाप्लुसीलाई पुरस्कृत गर्ने संस्कार विकास हुन्छ, त्यहाँ संस्थागत सुधारको सम्भावना कमजोर हुन्छ । यसले दीर्घकालमा नागरिकको विश्वास घटाउने र राज्यप्रति निराशा बढाउने खतरा हुन्छ ।

यस प्रवृत्तिबाट बाहिर निस्कन सबैभन्दा पहिले जवाफदेहिता मजबुत बनाउनु आवश्यक छ । निर्णय प्रक्रियामा पारदर्शिता, योग्यताको सम्मान र निष्पक्ष मूल्याङ्कन प्रणाली स्थापित नगरी दीगो सुधार सम्भव छैन । साथै, नागरिक समाज र सञ्चारमाध्यमले पनि यस्ता विकृतिहरुलाई निरन्तर प्रश्न गर्ने भूमिका निर्वाह गर्नुपर्छ ।

स्वार्थ र चाप्लुसीमा आधारित संस्कृतिले क्षणिक लाभ त दिन सक्छ, तर यसले संस्थालाई दीर्घकालीन रुपमा कमजोर र अप्रभावी बनाउँछ । त्यसैले अब समय आएको छ–सत्य, योग्यता र पारदर्शितालाई प्राथमिकता दिँदै संस्थागत शुद्धिकरणतर्फ अघि बढ्ने ।

# शिक्षा सुधार होइन, रुपान्तरण



डा. महाश्रम शर्मा

शिक्षा प्रणालीलाई स्पष्ट जवाफदेहिताको ढाँचामा ल्याउनुपर्छ ।परिणाममा आधारित मूल्यांकन र पारदर्शी अनुगमन चाहिन्छ ।

नेपालको शिक्षा प्रणाली सुधारको विमर्शमा अल्झिएको छ ।दशकौंदेखि योजना तर्जुमा र संरचनाका प्रयास भइरहेका छन् । बितेका दुई दशकमा पहुँच र समावेशिता बढेको छ । संरचनात्मक विकासका क्षेत्रमा पनि केही प्रगति हासिल भयो । नीतिगत रूपमा अनिवार्य शिक्षा र शिक्षा नीति बनेका छन् । विद्यालय शिक्षा क्षेत्र योजनाले शिक्षालाई दिशानिर्देश गरेको छ । बाहिरी रूपमा हेर्दा प्रणाली सुदृढ भएको देखिन्छ ।विद्यालयको पहुँच विस्तार हुनु सुखद पक्ष हो ।भर्ना दर पनि उल्लेखनीय रूपमा बढेको देखिन्छ ।समावेशी शिक्षाको अवधारणाले अब संस्थागत मान्यता पायो ।

संरचनात्मक विरोधाभास भर्सेस नीतिगत जटिलता : यस प्रगतिशील चित्रभित्र गहिरो संरचनात्मक विरोधाभास लुकेको छ। यसलाई अब उपेक्षा गर्न सकिने अवस्था छैन । राजनीतिक परिवर्तनपछि संविधानको मर्मअनुसार जटिलता थपिए । संविधानले सुनिश्चित गरेका विषयहरू अझै स्पष्ट छैनन् । संघीयता कार्यान्वयनसँगै नीतिगत बहस कानुनी रूपमा अल्झिएका छन् । दशौं वर्षको छलफलले पनि सफलता प्राप्त गर्न सकेन । आजको मूल प्रश्न नीतिगत उपलब्धिको मात्र होइन । बदलिँदो परिवेशअनुसार तिनको कार्यान्वयन मुख्य चुनौती हो। शिक्षाका प्रयासहरूले सिकाइमा सार्थक परिवर्तन ल्याउन सकेनन् । सीप विकास र व्यावहारिक दक्षतामा नेपाल कमजोर देखिन्छ । नेपालले 'स्कुलिङ'मा सफलता पाए पनि 'लर्निङ'मा चुकेको छ ।

विद्यार्थीहरू विद्यालयमा त छन् तर सिकाइ कमजोर छ । उनीहरूको संज्ञानात्मक र विश्लेषणात्मक क्षमता विकसित भएन । परीक्षा उत्तीर्ण गर्न उनीहरू सक्षम र अब्बल देखिन्छन् । तर, ज्ञानको व्यावहारिक प्रयोगमा ठूलो सीमितता छ । समस्या समाधान र समालोचनात्मक चिन्तनको स्तर निकै कम छ। संरचनात्मक पुनर्संरचना वा पाठ्यक्रम परिमार्जनले मात्र पुग्दैन । वर्तमान बहसमा अब प्रणालीगत रूपान्तरण केन्द्रित हुनुपर्छ । रूपान्तरण भनेको केवल प्रक्रियागत सुधार मात्र होइन । यसले शिक्षाको दर्शन र अभ्यासमा परिवर्तन खोज्छ ।संस्थागत संस्कृतिमा पनि गहिरो पुनर्संरचनाको माग गर्दछ ।

नेपालले शिक्षा प्रणाली बदल्ने ठूलो अवसर पाएको छ । शिक्षा रूपान्तरणलाई अब अनिवार्य राष्ट्रिय प्राथमिकता बनाउनुपर्छ । यसलाई विकल्पका रूपमा हेर्ने गल्ती अब गर्नुहुँदैन । अब ढिला गर्ने ठाउँ र समय बाँकी छैन ।

कक्षाकोठा र शिक्षण पद्धतिको पुनर्संरचना : रूपान्तरणको निर्णायक स्थल विद्यालयको कक्षाकोठा नै हो । सरकार र प्रशासनले नीति निर्माणको केन्द्र सम्हाल्छन् । नीतिको वास्तविक प्रभाव कक्षाकोठामा मात्र परीक्षण हुन्छ । वर्तमान कक्षाकोठा अझै पनि परम्परागत शैलीमै छन् । शिक्षक ज्ञानको प्रमुख स्रोतका रूपमा प्रस्तुत हुन्छन् । यस्तो पद्धतिले विद्यार्थीको उच्चस्तरीय सोचमा बाधा पुऱ्याउँछ। सिर्जनशीलता र स्वायत्त सिकाइ क्षमता यसले रोक्छ ।जब सिक्ने प्रक्रिया सीमित हुन्छ, परिणाम राम्रो हुँदैन । सिकाइ गहिरो हुने अपेक्षा गर्नु एउटा भ्रम मात्र हो ।कक्षाकोठाको पुनर्संरचना बिनारूपान्तरणको दाबी असफल रहन्छ ।

कक्षाकोठालाई अब अन्तरक्रियात्मक र अनुसन्धानमुखी बनाउनुपर्छ ।विद्यार्थी केन्द्रित सिकाइ वातावरण अब अपरिहार्य भएको छ ।सिकाइ प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्छ ।प्रश्न गर्ने स्वतन्त्रता र अनुभवमा आधारित अभ्यास चाहिन्छ । यसो भएमा मात्र शिक्षा प्रणालीले उद्देश्य प्राप्त गर्छ ।अन्यथा शिक्षण प्रक्रिया केवल सूचना प्रसारणमा सीमित हुन्छ ।सिकाइको गहिराइ सधैं सतही रहने जोखिम बढ्छ ।विद्यालयहरूले ज्ञानको खोजी गर्ने थलो बन्नुपर्छ ।विद्यार्थीको रुचि र क्षमता अनुसारको वातावरण दिनुपर्छ ।आधुनिक युगको माग अनुसार कक्षाकोठाको स्वरूप बदल्नुपर्छ ।

शिक्षकको भूमिका, पेसागत विकास : यस सन्दर्भमा शिक्षकको भूमिका केन्द्रीय र निर्णायक छ । नेपालको शिक्षक तयारी प्रणालीले अझै गुणस्तर भेटाएको छैन । शिक्षक शिक्षामा सैद्धान्तिक पक्षको मात्र वर्चस्व देखिन्छ ।कक्षाकोठामा आधारित अभ्यासको पक्ष निकै कमजोर छ ।प्रतिबिम्बात्मक सिकाइ र पेसागत विकासमा ध्यान पुगेको छैन । यसले शिक्षकलाई ज्ञान प्रसारकको रूपमा मात्र राखेको छ ।शिक्षकहरू रूपान्तरणका सक्रिय संवाहक बन्न सकेका छैनन् । प्रभावकारी शिक्षा प्रणालीमा शिक्षक सधैं सिकारु हुनुपर्छ । उनीहरूलाई निरन्तर मार्गदर्शन र नवप्रवर्तनको अवसर चाहिन्छ । शिक्षकलाई पेसागत संरचनामा पुनर्स्थापित गर्नु निकै जरुरी छ ।

गुणस्तरीय शिक्षकबिना गुणस्तरीय शिक्षा सम्भव हुँदैन । यस तथ्यलाई अब नीतिगत प्राथमिकतामा राख्नुपर्छ । विश्वविद्यालय र सरकारबीच सहकार्य हुन एकदमै जरुरी छ । पाठ्यक्रम, शिक्षण विधि र मूल्यांकनबीच तालमेल हुनुपर्छ। पाठ्यक्रमले सैद्धान्तिक रूपमा समग्र विकासको लक्ष्य राख्छ । तर व्यावहारिक रूपमा शिक्षकलाई सक्षम बनाइएको छैन । मूल्यांकन प्रणाली अझै पनि कण्ठस्थ ज्ञानमै आधारित छ । यसले गर्दा विद्यार्थीहरू केवल परीक्षा केन्द्रित बनेका छन् । यस्तो संरचनात्मक असन्तुलनले सिकाइको उद्देश्य नै मार्छ। मूल्यांकन प्रणालीलाई अब सिकाइ सुधारको उपकरण बनाउनुपर्छ ।

डिजिटल प्रविधिसँगै नैतिक संकट : डिजिटल प्रविधि र कृत्रिम बुद्धिमत्ताले नयाँ अवसर ल्याए। नेपालमा डिजिटल पहुँच भने अझै असमान देखिन्छ । प्रविधिको अव्यवस्थित प्रयोगले सिकाइमा असमानता बढाउन सक्छ। प्रविधि समावेश गर्न केवल पूर्वाधार विकासले पुग्दैन । डिजिटल साक्षरता र सन्दर्भअनुकूल सामग्री पनि उत्तिकै चाहिन्छ। प्रविधिको नैतिक प्रयोगका लागि स्पष्ट ढाँचा आवश्यक छ । अन्यथा यसले सतही ज्ञान र निर्भरता मात्र बढाउँछ। प्रविधिलाई सिकाइको सहयोगी माध्यमका रूपमा विकास गर्नुपर्छ । अर्को महत्वपूर्ण आयाम नैतिकता हो, जुन ओझेलमा छ ।औपचारिक शिक्षाले ज्ञान दिए पनि व्यवहार सुधारेन ।

नक्कल गर्ने प्रवृत्ति र सामाजिक उत्तरदायित्वको कमी देखिन्छ ।संस्थागत अनुशासनको कमजोर अवस्थाले नैतिक संकट निम्त्याएको छ। नैतिकता केवल पाठ्यक्रममा पढेर सिकिने विषय होइन । यो संस्थागत संस्कार र सामाजिक व्यवहारबाट विकसित हुन्छ। विद्यालयलाई मूल्यमा आधारित सिकाइको केन्द्र बनाउनुपर्छ । सबै संरचनात्मक चुनौतीको मूलमा कार्यान्वयनको कमजोरी छ। नेपालमा नीतिगत दस्तावेज नभएर समस्या भएको होइन । भएका नीतिहरूलाई प्रभावकारी कार्यान्वयन गर्न नसक्नु समस्या हो। संघीय संरचनाले अधिकार त दिया तर जिम्मेवारी स्पष्ट भएन । समन्वय र जवाफदेहिताको अभावले दूरी बढाएको छ ।

जवाफदेहिता अनि राजनीतिक इच्छाशक्ति : शिक्षा प्रणालीलाई स्पष्ट जवाफदेहिताको ढाँचामा ल्याउनुपर्छ ।परिणाममा आधारित मूल्यांकन र पारदर्शी अनुगमन चाहिन्छ ।कार्यसम्पादनको आधारमा प्रोत्साहनको व्यवस्था लागू गर्नुपर्छ । यसो भएमा मात्र सुधारका प्रयासहरू दिगो हुन्छन् । अहिलेको अवस्था निराशाजनक होइन, बरु ऐतिहासिक अवसर हो । नयाँ सरकारले शिक्षालाई केन्द्रीय प्राथमिकतामा राख्नुपर्छ। यसले देशको दीर्घकालीन विकासको आधार तयार गर्नेछ । रूपान्तरण केवल प्राविधिक कार्यक्रम मात्र होइन ।यो गहिरो राजनीतिक इच्छाशक्ति र प्रतिबद्धताको प्रश्न हो । शिक्षामा सही लगानीले आर्थिक विकास दिगो बनाउँछ ।

सामाजिक समानता सुदृढ गर्न शिक्षा नै मुख्य हतियार हो । लोकतान्त्रिक मूल्यहरूलाई जीवन्त राख्न शिक्षा रूपान्तरण चाहिन्छ ।यसका लागि साहस, स्पष्ट दृष्टि र प्रतिबद्धता आवश्यक छ ।नयाँ सरकारका लागि यो ठूलो परीक्षाको घडी हो। शिक्षाले उत्पादनशीलता वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्छ । अबको बहस 'के गर्ने' भन्नेमा अलमलिनु हुँदैन । धेरै बहस भइसके, अब काम गर्ने बेला हो । वास्तविक प्रश्न अब 'कहिले गर्ने' भन्ने मात्र हो। समयले कसैलाई पर्खिँदैन र अवसर पनि सधैं आउँदैन । ढिलाइ गरे अर्को दशक पनि विमर्शमै बित्नेछ । निष्कर्षमा कार्यान्वयनको बाटो : निर्णय प्रक्रियामा ढिलाइ गरे रूपान्तरणको लक्ष्य टाढिनेछ। अहिले नै स्पष्ट निर्णय गरे इतिहास रचिनेछ । नेपालले शिक्षा प्रणाली बदल्ने ठूलो अवसर पाएको छ ।शिक्षा रूपान्तरणलाई अब अनिवार्य राष्ट्रिय प्राथमिकता बनाउनुपर्छ । यसलाई विकल्पका रूपमा हेर्ने गल्ती अब गर्नुहुँदैन । अब ढिला गर्ने ठाउँ र समय बाँकी छैन। कार्यान्वयन र पुनः कार्यान्वयनको यात्रा आजै सुरु गरौं । सबै सरोकारवालाहरूले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गरौं । विद्यालय, शिक्षक, अभिभावक र सरकार एकजुट हुनुपर्छ । समुन्नत नेपालका लागि रूपान्तरित शिक्षा नै एकमात्र बाटो हो । हामी सबै यस महाअभियानमा आजैदेखि होमिऔं ।




## अन्तराष्ट्रिय समाचार

# लन्डन प्रदर्शनमा सयौं पक्राउ



***लन्डन-*** बेलायतको राजधानी लन्डनमा प्यालेस्टाइन समर्थक प्रदर्शनमाथि कडा प्रहरी हस्तक्षेप हुँदा ५०० भन्दा बढी प्रदर्शनकारी पक्राउ परेका छन् । प्रतिबन्धित समूह 'प्यालेस्टाइन एक्सन' को समर्थनमा ट्राफलगर स्क्वायरमा शनिबार आयोजित सिट-इन प्रदर्शनलाई नियन्त्रणमा लिन प्रहरीले व्यापक गिरफ्तारी अभियान चलाएको हो ।

मेट्रोपोलिटन प्रहरीले दिएको जानकारी अनुसार मध्यरातसम्म १८ देखि ८७ वर्ष उमेर समूहका कुल ५२३ जनालाई नियन्त्रणमा लिइएको छ । प्रदर्शनकारीहरू उक्त प्रतिबन्धित समूहको समर्थनमा प्लेकार्ड बोकेर भेला भएका थिए, जसलाई बेलायती कानूनअनुसार आपराधिक गतिविधिको रूपमा लिइन्छ ।

प्रहरीले प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिंदा अन्य सहभागीहरूले जयजयकार र ताली बजाएर समर्थन जनाएका थिए । 'प्यालेस्टाइन एक्सन' लाई गत जुलाईमा आतङ्कवादी सङ्गठनको सूचीमा राखिएको थियो, जसअन्तर्गत यसको समर्थन वा सदस्यता लिनु गम्भीर अपराध मानिन्छ र १४ वर्षसम्म कैद सजाय हुन सक्छ ।

यद्यपि, लन्डनको उच्च अदालतले फेब्रुअरीमा उक्त प्रतिबन्धमाथि प्रश्न उठाउँदै यसले अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप गरेको ठहर गरेको थियो । सरकारलाई त्यस निर्णयविरुद्ध अपिल गर्ने अनुमति दिइएको छ । उच्च अदालतको निर्णयपछि केही समय गिरफ्तारी रोकिएको भए पनि मेट्रोपोलिटन प्रहरीले मार्च अन्त्यतिर पुनः कडाइ सुरु गर्ने घोषणा गरेको थियो ।

त्यसयता प्रदर्शनहरूमा पक्राउ पर्नेको सङ्ख्या तीव्र रूपमा बढेको छ। प्रहरीका अनुसार प्रतिबन्ध लागू भएयता झन्डै तीन हजार जना पक्राउ परिसकेका छन् र सयौँमाथि औपचारिक आरोप लगाइएको छ । प्रदर्शनमा सहभागीहरूले भने आफ्नो गतिविधिलाई नैतिक कर्तव्यका रूपमा व्याख्या गरेका छन् ।

प्रदर्शनको अग्रपङ्क्तिमा बसेकी लन्डनकी २८ वर्षीया फ्रेयाले सरकारको नीतिको विरोध गर्न निरन्तर उपस्थिति जनाउनु आवश्यक रहेको बताइन् । उनले गाजामा भइरहेका घटनाप्रति आवाज उठाउनु नैतिक जिम्मेवारी भएकामा जोड दिइन् । एडिनबर्गबाट आएका ७३ वर्षीय डेनिस म्याकडर्मोटले आफू पहिले पनि पक्राउ परिसकेको तर फेरि प्रदर्शनमा आउन हिचकिचाएको छैन भनी बताउँदै न्यायिक प्रक्रिया स्पष्ट भएको भए यस्ता आन्दोलन आवश्यक नपर्ने धारणा राखे ।

उनले अन्य प्रदर्शनकारीतर्फ सङ्केत गर्दै आफू उनीहरूको पक्षमा रहेको बताए । प्रदर्शन आयोजक 'डिफेन्ड आवर ज्युरी' ले भने शनिबारको कार्यक्रममा सयौँ मानिस सहभागी भएको दाबी गर्दै बेलायत सरकारले गाजासम्बन्धी नीतिमा खेलेको भूमिकाको विरोध गरिएको जनाएको छ । साथै, शान्तिपूर्ण विरोधमाथि भइरहेको कडाइलाई 'गलत दमन' का रूपमा चित्रण गरिएको छ। मानव अधिकार संस्था एम्नेस्टी युकेले पनि प्रहरी कारबाहीको आलोचना गर्दै यसलाई नागरिक स्वतन्त्रतामाथिको अर्को प्रहार भनेको छ ।

संस्थाले विशेष गरी वृद्ध तथा कमजोर व्यक्तिहरूसमेत पक्राउ परेको घटनालाई उल्लेख गर्दै यसले सरकारको असफल नीतिलाई दोहोर्‍याएको आरोप लगाएको छ । प्यालेस्टाइन एक्सनमाथिको प्रतिबन्धले बेलायतमा व्यापक बहस निम्त्याएको छ । उक्त सूचीमा पहिले नै हमास र लेबनानको हिजबुल्लाहजस्ता समूहहरू समावेश छन् ।

अदालतले यस समूहसँग सम्बन्धित सबै मुद्दाहरूको सुनुवाइ अस्थायी रूपमा रोकेको छ र जुलाई ३० मा विस्तृत पुनरावलोकन गर्ने तयारी गरिएको छ। सन् २०२० मा स्थापना भएको प्यालेस्टाइन एक्सनले आफूलाई इजरायलसँग सम्बन्धित सैन्य तथा औद्योगिक संरचनाविरुद्ध अभियान चलाउने समूहको रूपमा प्रस्तुत गर्दै आएको छ। यसको गतिविधि विशेषगरी इजरायली रक्षा कम्पनी एल्बिट सिस्टमसँग सम्बन्धित संरचनाहरू लक्षित रहेको बताइएको छ ।

# कालिकामाई उपमेयर कप टी-२० क्रिकेटको उपाधि पोखरिया क्रिकेट क्लबलाई

***राजन कुमार बानियाँ***
***पर्सा, २८ चैत***




पर्साको कालिकामाई गाउँपालिकामा आयोजित गाउँपालिका स्तरीय दोस्रो उपमेयर कप टी-२० क्रिकेट टुर्नामेन्टको उपाधि पोखरिया क्रिकेट क्लबले जितेको छ । वडा नं. १ मुडलीस्थित खेलमैदानमा सम्पन्न फाइनल खेलमा रोमाञ्चक प्रतिस्पर्धापछि पोखरिया विजेता बनेको हो ।

फाइनलमा कालिकामाई क्रिकेट क्लब र पोखरिया क्रिकेट क्लबबीच भएको खेलमा पहिले ब्याटिङ गरेको कालिकामाईले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै २५० रनको बलियो योगफल तयार गरेको थियो । २५१ रनको लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा उत्रिएको पोखरिया क्रिकेट क्लबले १८ ओभरमै ६ विकेट गुमाएर २५६ रन बनाउँदै शानदार जित दर्ता गरेको हो ।

यससँगै पोखरिया क्रिकेट क्लब प्रतियोगिताको प्रथम विजेता बनेको छ भने कालिकामाई क्रिकेट क्लब उपविजेतामा सीमित भएको छ ।

विजेता पोखरिया क्रिकेट क्लबलाई ५० हजार ५१ रुपैयाँ नगदसहित शिल्ड तथा कप प्रदान गरिएको छ । त्यस्तै उपविजेता कालिकामाई क्रिकेट क्लबलाई २५ हजार रुपैयाँ नगदसहित शिल्ड प्रदान गरिएको हो । पुरस्कार प्रमुख अतिथि पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले हस्तान्तरण गरेका थिए ।

प्रतियोगिताको म्यान अफ द म्याच पोखरिया क्रिकेट क्लबका कप्तान इरशाद मियाँ घोषित भए । उनले उत्कृष्ट प्रदर्शन गर्दै १५६ रनको योगदान दिएका थिए ।

कार्यक्रममा पूर्व मन्त्री रमेश रिजालले विजेता तथा उपविजेता दुवै टोलीलाई बधाई दिँदै खेलकुदले युवाको शारीरिक तथा मानसिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले गाउँपालिकाको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पु¥याउन खेलकुदलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याए । साथै आगामी दिनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

कालिकामाई गाउँपालिका उपाध्यक्ष राजमती देवी बरैनीको विशेष उपस्थितिमा सम्पन्न कार्यक्रममा गाउँपालिका अध्यक्ष बुलट पटेलले अध्यक्षता गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डे, कोषाध्यक्ष प्रेम थापा, बाणिज्य अधिकृत सुनिल चौरसिया, वडाध्यक्षहरू लालबाबु चौरसिया, जोगेन्द्र चौरसिया, राधाकृष्ण चौरसिया, प्रभु साह लगायत स्थानीय राजनीतिक तथा सामाजिक व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । प्रतियोगितामा आठ वटा टिमको सहभागिता रहेको आयोजकले जनाएको छ । प्रतियोगिताको आकर्षणका रूपमा छक्का प्रहार गर्ने खेलाडीलाई प्रत्येक छक्कामा १ हजार रुपैयाँ पुरस्कार दिने घोषणा गरिएको थियो । सो अनुसार कुल ५४ छक्का प्रहार भएपछि ५४ हजार रुपैयाँ अतिरिक्त पुरस्कार वितरण गरिएको वडा नं. १ का वडाध्यक्ष लालबाबु चौरसियाले जानकारी दिए ।

स्थानीय तहको सहयोग तथा मुडली क्रिकेट क्लबको आयोजनामा सम्पन्न प्रतियोगिताले ग्रामीण क्षेत्रमा खेलकुद गतिविधि प्रवर्द्धन गर्नुका साथै युवा प्रतिभा उजागर गर्न महत्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ ।

## परिवर्तनको.....

भाषण र आश्वासन होइन, ठोस परिणाम खोजिरहेको छ । जनताको मतको सम्मान गर्दै वाचा पूरा गर्ने संस्कार विकास नगरेसम्म कुनै पनि राजनीतिक शक्ति दीर्घकालीन रूपमा टिक्न सक्दैन ।

यसरी हेर्दा, परिवर्तनको नाममा भइरहेको खेलवाड अब सह्य सीमाभन्दा बाहिर पुगेको देखिन्छ । जनतालाई भ्रममा राखेर सत्तामा पुग्ने र पछि आफ्नै एजेन्डाबाट भाग्ने प्रवृत्तिले देशलाई अगाडि होइन, झन् पछाडि धकेल्ने निश्चित छ ।

अब पनि नेताहरू समयमै सचेत नहुने हो भने, जनताको धैर्य चाँडै टुट्नेछ । र, त्यसको परिणाम केवल राजनीतिक अस्थिरता मात्र नभई अझ कडा जनआक्रोशका रूपमा देखिन सक्ने प्रबल सम्भावना रहेको छ ।

## पर्साको.........

विशेषज्ञहरूका अनुसार, सीमावर्ती क्षेत्रमा प्रविधिको प्रयोग, नियमित अनुगमन, कडाइका साथ कानुन कार्यान्वयन तथा जिम्मेवार अधिकारीहरूको जवाफदेहिता सुनिश्चित नगरेसम्म यस्ता गतिविधि नियन्त्रणमा आउन सक्दैनन् ।

यदि समयमै ठोस कदम चालिएन भने, भिस्वा नाका तस्करीको जालोमा झन् गहिरिँदै जाने मात्र होइन, यसको असर सम्पूर्ण पर्सा जिल्लासहित आसपासका क्षेत्रमा फैलिने जोखिम उच्च रहेको छ ।

स्थानीयवासीहरूले तत्काल निष्पक्ष छानबिन, दोषीको पहिचान तथा कडा कारबाहीको माग गर्दै राज्यको उपस्थितिलाई प्रभावकारी बनाउन सरकारसँग जोडदार आग्रह गरेका छन् ।

## गैरकानुनी......

न त छानबिन सुरु भएको पुष्टि भएको छ । यसले नियमनकारी निकायको भूमिकामाथि समेत प्रश्न खडा गरेको छ ।

स्थानीयवासीहरूले तत्काल निष्पक्ष छानबिन, कानुनी स्थिति स्पष्ट पार्ने प्रक्रिया तथा दोषी पाइए कडा कारबाहीको माग गरेका छन् ।

यदि समयमै यस विषयमा गम्भीरता नदेखाइए, स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा यस्ता अभ्यासहरू विस्तार हुँदै जाने र त्यसले सर्वसाधारणको विश्वासमा गम्भीर असर पार्ने चेतावनी सरोकारवालाहरूले दिएका छन् ।

## गण्डक.........

असर पुग्न सक्ने र सम्पूर्ण सिंचाइ व्यवस्था अवरुद्ध हुन सक्ने खतरा रहेको छ ।

उक्त पुलले वीरगञ्ज महानगरपालिका र बहुदरमाई नगरपालिका जोड्ने भएकाले यसको क्षतिले स्थानीय आवागमनमा ठूलो असर पारेको छ। चारपांग्रे सवारीसाधनलाई रोक लगाइए पनि स्थानीयहरू साइकल र मोटरसाइकलमार्फत जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अन्य सवारीसाधन 'डाइभर्सन' प्रयोग गरिरहेका छन् । नहर किनारको सडक कालोपत्रे भएपछि यस मार्ग प्रयोग गर्ने सवारीको संख्या झन् बढेको छ ।

सहज आवागमन सुनिश्चित गर्न तिलावे नदीमा बेलिब्रिज जडानको काम सुरु गरिएको भए पनि निर्माण कम्पनीको ढिलासुस्तीका कारण प्रगति सन्तोषजनक देखिएको छैन । हालसम्म करिब ३० प्रतिशत मात्र काम सम्पन्न भएको जनाइएको छ ।

नारायणी सिंचाइ व्यवस्थापन कार्यालयअन्तर्गत ममता इन्टरप्राइजेज एन्ड कन्स्ट्रक्सन प्रा.ली.ले करिब २ करोड ४६ लाख रुपैयाँमा ठेक्का लिएको हो । उक्त ठेक्कामा पुलका दुवै छेउका संरचना, तटबन्ध निर्माण तथा नदी नियन्त्रणका काम पनि समावेश छन् । सम्झौताअनुसार काम ०८३ जेठ १ गतेभित्र सम्पन्न गर्नुपर्ने भए पनि ढिलाइका कारण समयमै सम्पन्न हुनेमा आशंका बढेको छ ।

कार्यालय प्रमुख मनोज कुमार साहले निर्माणको गुणस्तर ठीक भए पनि कामको गति सुस्त रहेको बताए । उनले तोकिएको समयभित्र काम सम्पन्न नभए निर्माण कम्पनीलाई कानुनी कारबाही र जरिवाना गरिने चेतावनी दिएका छन् । वर्षायाम नजिकिँदै गएकाले समयमै काम सम्पन्न गर्न उनले निर्देशन दिएका छन् । यसअघि बजेट सुनिश्चित नभए पनि विशेष परिस्थितिमा ठेक्का आह्वान गरिएको थियो । तर अर्थ मन्त्रालयबाट बजेट नआएपछि प्रारम्भिक ठेक्का रद्द गर्नुपरेको थियो । निर्माण कम्पनीका साइट इन्जिनियर मनोजकुमार मण्डलका अनुसार सुरुआतमा जग्गा विवादका कारण केही समय काम प्रभावित भएको थियो । हाल संरचनाको अधिकांश काम सम्पन्न भइसकेको छ भने फिलिङ र बेस तयार गर्ने काम भइरहेको छ । संरचना तयार भएपछि १५-२० दिनभित्र बेलिब्रिज जडान गर्न सकिने उनको भनाइ छ ।

तर निर्माण सामग्री, विशेषगरी बोल्डरको आपूर्तिमा समस्या देखिएको छ । तेल अभावका कारण मूल्य वृद्धि हुने आशंकाले सप्लायर्सले पर्याप्त सामग्री उपलब्ध गराउन नसकेको निर्माण पक्षको गुनासो छ । हाल दैनिक २२-२५ जना कामदार खटिए पनि सामग्री अभावले कामको गति प्रभावित भएको छ ।

गण्डक नहर क्षेत्रका संरचनाहरूको दीर्घकालीन संरक्षण र समयमै मर्मतसम्भार नगरेमा भविष्यमा ठूलो दुर्घटना निम्तिन सक्ने जोखिम बढ्दै गएको सरोकारवालाहरूले चेतावनी दिएका छन् ।

## सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

## मोटरसाईकल चोरी भएको सूचना

बारा जिल्ला कलैया उपमहानगरपालिका वडा नं.- ०१ मोतिबाग टोल स्थित (नन्दलाल साहको घरमा) डेरा अगाडि पार्किङ्ग गरी राखिएको अवस्थामा मिती २०८२।१२।१८ गते अन्दाजी २-४ बजेको समयमा बजाज कम्पनीको Pulsar 200 NS मोडेल मोटरसाइकल चोरी/हराएको हुनाले पाउनु हुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा ९८४५७८९४७२ मा सम्पर्क गरी दिनु अनुरोध छ ।

मोटरसाइकल नम्बरः मधेश प्रदेश-०३-०४३ प ००९१
सवारी धनीको नामः विपिन चौधरी
सवारी धनीको ठेगानाः कनकपुर-३, रौतहट
ईन्जिन नम्बरः JLXCTK-64844
चेचिस नम्बरः MD2A36FX1TCK80902

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# पर्साको जिराभवानीमा आगलागी पीडित परिवारलाई राहत, घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता

*हरिकिशोर शर्मा*
*पर्सा, २८ चैत*

पर्साको जिराभवानी गाउँपालिका वडा नं. १ बलुवामा आगलागीबाट घरबारविहीन बनेको एक परिवारलाई राहत सामग्री वितरण गरिएको छ भने पीडितका लागि नयाँ घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

गत बिहीबार राति करिब ११:३० बजे लामखुट्टे भगाउन बालिएको मच्छर धुपबाट सल्किएको आगोले मोटर मुखिया बिनको घर पूर्ण रूपमा जलेर खरानी भएको थियो । आगलागीका कारण घरभित्र रहेका सम्पूर्ण सामग्री नष्ट भएको छ भने परिवार अहिले खुला आकाशमुनि बस्न बाध्य बनेको छ ।

घटनापछि राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) निकट युवा नेताहरूको टोली घटनास्थलमै पुगेर पीडित परिवारलाई राहत वितरण गरेको हो । टोलीका प्रतिनिधि रामाकान्त प्रसाद चौधरीले पीडितको घरमै पुगेर लत्ताकपडा, भाँडाकुँडा तथा खाद्यान्नलगायतका अत्यावश्यक सामग्री सहयोग गरेका छन् ।

राहत वितरणका क्रममा चौधरीले आफ्नै पहल र सहयोगमा पीडित परिवारका लागि नयाँ घर निर्माण गरिदिने प्रतिबद्धता जनाएका छन् । "पीडित परिवारलाई तत्काल राहत मात्र होइन, दीर्घकालीन रूपमा बसोबासको व्यवस्था गर्नु आवश्यक छ," उनले बताए ।

पीडित परिवारका अनुसार घर निर्माणका लागि लघुवित्त विकास बैंकबाट लिएको करिब ६ लाख रुपैयाँ नगदसमेत आगलागीमा जलेर नष्ट भएको छ । आगलागीमा परी चार वटा बाख्रा र एक गाईको समेत मृत्यु भएको जनाइएको छ, जसले परिवारको आयस्रोतमा थप क्षति पुऱ्याएको छ । यसका साथै, लत्ताकपडा, भाँडाकुँडा, दराज, बाकस तथा खाद्यान्नलगायतका सम्पूर्ण सरसामान पूर्ण रूपमा नष्ट भएका छन् । अहिले पीडित परिवार अत्यन्तै कठिन अवस्थामा रहेको र दैनिक जीवन सञ्चालनमै समस्या भएको स्थानीयवासीले बताएका छन् । घटनास्थलमा स्थानीय बुद्धिजीवी तथा समाजसेवीहरू–संजय राय थारु, जटाशंकर साह कलवार, अजित राय थारु, नेसार समानी, अमरेश ठाकुर लोहार तथा नेपाल दलित सञ्जाल पर्साका सचिव लहवर रामलगायतको उपस्थिति रहेको थियो । उनीहरूले पनि पीडित परिवारलाई सक्दो सहयोग गर्न अपिल गरेका छन् ।

स्थानीयवासीहरूले आगलागी पीडित परिवारका लागि राज्यका तर्फबाट समेत तत्काल राहत, आवास पुनर्निर्माण तथा आर्थिक सहयोगको व्यवस्था गर्न माग गरेका छन् । साथै, यस्ता घटनाबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

मानवीय क्षति नभए पनि ठूलो आर्थिक क्षति व्यहोरेको उक्त परिवारलाई पुनःस्थापनाका लागि तत्काल समन्वय र सहयोग अपरिहार्य देखिएको छ ।

# एक वर्षदेखि ठप्प सिँचाइ सेवा पुनः सञ्चालन, कृषकलाई ठूलो राहत

बारा, २९ चैत



बाराको कलैया उपमहानगरपालिका वडा नम्बर १, २ र ४ का कृषकहरू लामो समयदेखि भोग्दै आएको विद्युत् समस्याको अन्त्य भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य डा. तथा अधिवक्ता सुशिल साहको पहलमा नयाँ कृषि विद्युत् ट्रान्सफर्मर जडान गरिएपछि स्थानीय कृषकहरूलाई ठूलो राहत पुगेको हो । करिब एक वर्षदेखि बिग्रिएको ट्रान्सफर्मरका कारण सिँचाइ सेवा अवरुद्ध हुँदा खेतीपातीमा गम्भीर असर परेको थियो । बाली सिँचाइ गर्न नसक्दा उत्पादनमा गिरावट आउनुका साथै किसानहरू वैकल्पिक स्रोत प्रयोग गर्न बाध्य भएका थिए, जसले लागतसमेत बढाएको थियो ।

उक्त समस्या समाधानका लागि नेपाल विद्युत प्राधिकरण अन्तर्गतको विद्युत् वितरण केन्द्र कलैया सँग समन्वय गरी पुरानो ट्रान्सफर्मर हटाएर नयाँ जडान गरिएको हो । प्राविधिक टोलीले आइतबार ट्रान्सफर्मर जडान गरी नियमित विद्युत् आपूर्ति पुनः सञ्चालनमा ल्याएको जनाएको छ । नयाँ ट्रान्सफर्मर सञ्चालनमा आएपछि सम्बन्धित वडाका कृषकहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । अब समयमै सिँचाइ गर्न सकिने, कृषि उत्पादनमा वृद्धि हुने तथा खेती प्रणाली पुनः लयमा फर्किने अपेक्षा गरिएको छ ।

कार्यक्रमपछि बोल्दै डा. सुशिल साहले कृषकहरूको समस्या समाधान गर्नु आफ्नो प्राथमिकता रहेको बताए । "विद्युत् आपूर्ति सहज भएपछि सिँचाइ प्रणालीमा सुधार आउँछ र त्यसले प्रत्यक्ष रूपमा उत्पादन बढाउँछ," उनले भने । साथै उनले आगामी दिनमा पनि स्थानीय आवश्यकताअनुसार पूर्वाधार विकासका काममा निरन्तर पहल गरिरहने प्रतिबद्धता व्यक्त गरे । स्थानीय कृषकहरूले लामो समयदेखिको समस्या समाधान भएकोमा खुसी व्यक्त गरेका छन् । "अब ढुक्क भएर खेती गर्न पाइने भयो," एक कृषकले बताए । उनीहरूले भविष्यमा यस्ता समस्या दोहोरिन नदिन नियमित मर्मत तथा अनुगमन गर्न सम्बन्धित निकायसँग मागसमेत गरेका छन् ।

यस पहललाई स्थानीय तहमा प्रभावकारी हस्तक्षेपका रूपमा हेरिएको छ । कृषकको आधारभूत आवश्यकता सम्बोधन गर्दै गरिएको यस कार्यले कृषि उत्पादनमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

# गुजराको बलुवामा १८ लाखको लागतमा नाला निर्माण कार्य तीव्र, स्थानीयवासी खुशी

*रुपेश यादव*
*रौतहट, २८ चैत*



रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नम्बर ३ मा दीर्घकालीन रूपमा देखिँदै आएको ढल निकास समस्यालाई समाधान गर्ने लक्ष्यसहित नाला निर्माण कार्य तीव्र गतिमा अघि बढाइएको छ । वडा नम्बर ३ अन्तर्गत पर्ने बलुवा टोलमा सुरु गरिएको यस योजनाले स्थानीय बासिन्दामा नयाँ आशा जगाएको छ ।

नगर प्रमुख सन्तलाल चौधरी र सक्रिय युवा समाजसेवी शेख सेराजको पहलमा करिब १८ लाख रुपैयाँको लागतमा दुई स्थानमा समान ७२/७२ मिटर लम्बाइका नाला निर्माण भइरहेका छन् । योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तह र समुदायबीच सहकार्यको उत्कृष्ट उदाहरण प्रस्तुत भएको छ ।

विगत लामो समयदेखि यस क्षेत्रमा व्यवस्थित नाला नहुँदा वर्षायाममा सडकमा पानी जम्ने, हिलो तथा फोहोर फैलिने, दुर्गन्ध आउने र सरुवा रोगको जोखिम बढ्ने जस्ता समस्या स्थानीयले भोग्दै आएका थिए । विशेषगरी बालबालिका, वृद्धवृद्धा र सर्वसाधारणलाई आवतजावतमा कठिनाइ हुनुका साथै स्वास्थ्यसम्बन्धी चुनौती समेत थपिँदै आएको थियो । यस्ता समस्यालाई मध्यनजर गर्दै युवा समाजसेवी शेख सेराजले स्थानीयको मागलाई प्राथमिकतामा राखी आवश्यक बजेट पालिकाद्वारा व्यवस्थापन गराई योजना अघि बढाएको बताएका छन् ।

उनले विकास निर्माणका काममा जनसहभागिता अपरिहार्य हुने उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । नाला निर्माण कार्यमा स्थानीय बासिन्दाको उल्लेखनीय साथ र सहयोग देखिएको छ । धेरैले आफ्नो घर, टहरा तथा संरचना हटाएर निर्माण कार्यलाई सहज बनाएका छन् । यसले समुदायमा विकासप्रति सकारात्मक सोच र एकताको भावना अझ मजबुत भएको देखिन्छ ।

स्थानीयवासीहरूका अनुसार नाला निर्माण सम्पन्न भएपछि वर्षौंदेखि झेल्दै आएको जलनिकास समस्या समाधान हुने विश्वास लिइएको छ । "हामी सबै गाउँको विकासका लागि एकजुट भएका छौं, अहिले सुरु भएको कामले हामीमा खुशी मात्र होइन, भविष्यप्रति भरोसा पनि बढाएको छ," एक स्थानीयले बताए ।

# कुखुरा फर्मका कामदारमाथि निर्घात कुटपिटः भिडियो भाइरल भएपछि सञ्चालक पक्राउ

*बिरगंज, २८ चैत*



पर्साको वीरगंज महानगरपालिका मा कुखुरा फर्ममा कार्यरत एक कामदारमाथि निर्घात कुटपिट गर्ने सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जालमा कुटपिटको भिडियो भाइरल भएपछि घटनाले व्यापक ध्यान तानेको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार, कुटपिट आरोपमा वीरगञ्ज-१७ निवासी ३० वर्षीय सकिन लाल देवान लाई नियन्त्रणमा लिइएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेत ले घटनाबारे पुष्टि गर्दै थप अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

प्रहरीका अनुसार, परवानीपुर प्रहरी चौकी नजिक रहेको "साबिर फ्रेस हाउस एण्ड सप्लायर्स" का सञ्चालक देवानले आफ्नै पसलमा कार्यरत २० वर्षीय नुर आलम देवान माथि लट्ठी प्रयोग गरी कुटपिट गरेका थिए । उक्त घटनाको भिडियो सार्वजनिक भएपछि सामाजिक सञ्जालमा तीव्र प्रतिक्रिया आएको थियो ।

भाइरल भिडियोमा सञ्चालकले कामदारमाथि कुखुरा चोरी गरी बिक्री गरेको आरोप लगाउँदै निर्घात कुटपिट गरेको देखिन्छ । तर, कानुनी प्रक्रिया अपनाउनुको सट्टा यस प्रकारको हिंसात्मक व्यवहार अपनाइनु गम्भीर अपराध भएको भन्दै आलोचना भइरहेको छ । मानव अधिकारका क्षेत्रमा काम गर्ने सरोकारवालाहरूले यो घटनालाई श्रमिक अधिकार र मानव अधिकारमाथिको स्पष्ट उल्लङ्घनको रूपमा लिँदै दोषीमाथि कडा कारबाहीको माग गरेका छन् । उनीहरूले यस्ता घटनाले श्रमिकहरूमा भयको वातावरण सिर्जना गर्ने र कार्यस्थलमा असुरक्षा बढाउने चेतावनी दिएका छन् ।

प्रहरीले पीडितको स्वास्थ्य अवस्था तथा घटनाको वास्तविकता बारे विस्तृत अनुसन्धान गरिरहेको जनाएको छ । साथै, कानुनी प्रक्रिया अनुसार दोषीमाथि आवश्यक कारबाही अगाडि बढाइने बताइएको छ ।

यस घटनाले कार्यस्थलमा श्रमिकमाथि हुने दुर्व्यवहार, कानुनी चेतनाको अभाव तथा मानव अधिकारको संरक्षणमा राज्यको भूमिकाबारे पुनः गम्भीर प्रश्न उठाएको छ ।

# गण्डक नहर क्षेत्रका पुलहरु जीर्णः जोखिममा सर्वसाधारण, मर्मतमा ढिलासुस्ती

*वीरगंज, २८ चैत*



गण्डक नहर क्षेत्रमा रहेका अधिकांश पुल, पुलेसा तथा कल्भर्ट जीर्ण अवस्थामा पुगेपछि सर्वसाधारण जोखिम मोलेर आवतजावत गर्न बाध्य भएका छन् । करिब ८१ किलोमिटर लामो नहर क्षेत्रमा साना-ठूला गरी ३ हजार ५७४ वटा संरचना भए पनि लामो समयदेखि मर्मतसम्भार नहुँदा ती कमजोर बन्दै गएका हुन् ।

नारायणी सिंचाइ व्यवस्थापन डिभिजन वीरगञ्जका सूचना अधिकारी इन्जिनियर सुरेश साहका अनुसार पुराना संरचना, नदी कटान र बजेट अभाव मुख्य समस्या बनेका छन् । उनका अनुसार ती पुलहरू मूलतः हलुका सवारीका लागि निर्माण गरिएका भए पनि अहिले बस, ट्रक, ट्याक्टर र टिपरजस्ता भारी सवारी सञ्चालन हुँदा दुर्घटनाको जोखिम बढ्दै गएको छ । दुई वर्षअघि तिलावे नदीस्थित पुलको एक पिलर भासिएको घटना यस समस्याको ज्वलन्त उदाहरण हो । १३ पिलरमध्ये एकमा चिरा परेपछि पुल झन् कमजोर बनेको छ । प्राविधिकहरूका अनुसार थप क्षति भए गण्डक नहरको साइफन प्रणालीमै

बाँकी तेश्रो पृष्ठमा

# रौतहटको सन्तपुरमा खानेपानीको लाईन काटिँदा शुद्ध पानीको हाहाकार

*रुपेश यादव*
*रौतहट, २८ चैत*



रौतहट जिल्लाको सन्तपुर क्षेत्रमा खानेपानी आपूर्ति ठप्प भएपछि स्थानीय बासिन्दाहरू गम्भीर समस्यामा परेका छन् । फतुवा बिजयपुर नगरपालिका-५ सन्तपुर दोस्तियामा सञ्चालनमा रहेको खानेपानी तथा सरसफाइ आयोजनाको विद्युत् लाइन केही दिनअघि काटिएपछि गाउँभरि शुद्ध खानेपानीको अभाव सिर्जना भएको हो । प्राप्त जानकारी अनुसार, नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रले समयमा विद्युत् महसुल भुक्तानी नगरेको कारण उक्त आयोजनाको लाइन काटेको हो ।

लाइन काटिएको करिब पाँच दिन बितिसक्दा पनि सम्बन्धित निकाय र जनप्रतिनिधिहरूले कुनै ठोस पहल नगरेको स्थानीयको गुनासो छ ।

स्थानीय संजय यादवका अनुसार, खानेपानी सेवा बन्द भएपछि पुरै वडामा शुद्ध पानीको हाहाकार मच्चिएको छ । बाध्य भएर स्थानीयहरू कल तथा अशुद्ध पानी प्रयोग गर्न थालेका छन्, जसले स्वास्थ्य अवस्थामा जोखिम समेत बढाएको छ ।

यसअघि शुद्ध खानेपानीको अभावका कारण विभिन्न रोगको समस्या झेल्दै आएका यहाँका बासिन्दाले आयोजना सञ्चालनमा आएपछि राहत पाएका थिए । तर अहिले पुनः पानी अभाव भएपछि पुरानै समस्या दोहोरिने चिन्ता बढेको छ ।

स्थानीयहरूले तत्काल विद्युत् लाइन जडान गरी खानेपानी सेवा सुचारू गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका